| २०७७ बैशाख देखि असार ३० सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| ९५ | ४२ | ८२ | ५ | ६ | ३ | ४७ | ० | १६१ |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि असार ३० सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| ९३ | ४२ | ८१ | २ | ५ | १ | १७ | ० | ४२ |

# दैनिक विपद् बुलेटिन

२९ असार विहान १०:०० बजेदेखि ३० असार विहान १०:०० बजे सम्म

**नेपालमा** विभिन्न जिल्लामा गरेर ११ स्थानमा **पहिरो**, १२ स्थानमा **अबिरल वर्षा**, ६ स्थानमा **आगलागी,** ४ स्थानमा **बाढी**का घटना भएका छन् । २ स्थानमा माटोको ढिस्को खसेर क्षति पुर्याएको छ, १ स्थानमा जंगली बदेलले आक्रमण गरेको छ । यी घटनामा परेर १२ जनाको **मृत्यु,** ११ जना **घाईते** र ३ जना **बेपत्ता** छन् । ४ स्थानमा **बाटो अबरुद्ध** भएका छन् ।

| मृत्यु संख्या | हराएको | घट्ना संख्या | घाइते | अनुमानित क्षति रु. | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| १२ | ३ | ३६ | ११ | ३८,४३,००० | ४ | १४ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **३७** वटा घट्नाहरु भएका छन् ।
- **तनहुँको** ब्यास नगरपालिका वडा नं ९ माझफाँटस्थित दुईवटा घर पहिरोमा पुरिदा ११ जनाको मृत्यु, १ जना बेपत्ता र ३ जना घाईते । वडा नं १० अध्यारी भञ्याङ्गमा माथिबाट पहिरो आई एउटा घर पूर्ण रुपमा क्षति । वडा नं ११ ओडारे स्थित एक घर पहिरोमा पुरिदा १ जना **बेपत्ता** ।
- बाजुराको बुढिनन्दा नगरपालिका वडा नं ३ मेलढिस्कास्थित **कोल्टीबाट कुरु जाने ग्रामीण कच्ची सडक** खण्डमा माथिबाट **माटोको ढिस्को खस्दा** सडकमा हिडिरहेका एक व्यक्तिको च्यापिएर घटनास्थलमै **मृत्यु** ।
- **सिरहाको** लहान नगरपालिका वडा नं १७ हरिपुरस्थित **बलान खोलामा** दाउरा निकाल्न गएको अवस्थामा **बाढी**ले बगाउँदा **एक** जना **बेपत्ता** ।
- **पर्साको** बहुदरमाई नगरपालिका वडा नं २ सिर्सियारी टोलमा **अबिरल बर्षा**को कारण एक घर पुर्णरुपमा भत्किदा **३ जना** घाईते । छिपहरमाई गाउँपालिका वडा नं १ मिर्जापुरमा एउटा फुसको घरमा **आगलागी** हुँदा **३ लाख ५० हजार** रुपैंया बराबरको **क्षति** ।
- धनुषाको धनौजी गाउँपालिका वडा नं ४ मा खेतमा काम गरिरहेको समयमा अचानक **जगंली बदेलले आक्रमण** गर्दा **दुई** जना **घाईते** ।

## घट्ना सारांश...

- **म्याग्दी**को गते धवलागिरी गाउँपालिका वडा नं ७ ताकममा घरमा आगो फुकी सुतिरहेको बेला अचानक शरिरमा आगो सल्कन जाँदा एक जना **घाईते** ।
- **कास्की**को पोखरा महानगरपालिका वडा नं ३२ स्थित एक घरमा चिया उमाल्न दाउरोमा पेट्रोल राखी आगो बाल्ने क्रममा अचानक उक्त आगोले पोल्न गई एक जना घाईते ।
- **स्याङ्जाको** पुतलीबजार नगरपालिका वडा नं १ सिराफस्थित **एक** वर्कसप पुरिएको र एक जना **घाईते ।** अर्जुन चौपारी गाउँपालिकामा वडा नं ६ मा एक गोठ पहिरोले पुरीदा १ भैसीं, १ गोरु र ३ वटा बाख्रा मरेको ।
- **संखुवासभाको** गते खाँदबारी नगरपालिका वडा नं १ स्थित एक घरमा माथिबाट माटोको डिस्को झरी घर पुर्णरुपमा क्षति भई **२ लाख** रुपैंया बराबरको क्षति ।
- **मोरङको** गते बिराटनगर महानगरपालिका वडा नं १४ महतो टोलस्थित एक घरमा अचानक **आगलागी** हुँदा घर, घर भित्र रहेको काठ दाउरा जलि **५० हजार** रुपैंया बराबरको क्षति ।
- **उदयपुरको** त्रियुगा नगरपालिका वडा नं २ स्थित सुक्नाई खोला बाँध भत्किई सनुवा नमुना टोलमा पसि १६ घर **डुवान**मा ।
- **धनकुटाको** छथर जोरपाटी गाउँपालिका वडा नं २ खोप्टोलमा अबिरल बर्षाका कारण एक गोठ भत्किदा ४ वटा बाख्राको मृत्यु र **७० हजार** रुपैंया बराबरको क्षति ।
- **सोलुखुम्बुको** दुधकोशी गाउँपालिका वडा नं ६ स्थित **श्री सगरमाथा माविको** कार्यालय भवनको गाह्रो भत्किई शौचालय भवन समेत पूर्णरुपमा भत्किई **२० लाख रुपैंया बराबरको** क्षति ।
- **सर्लाहीको** ईश्वरपुर नगरपालिका वडा नं १५ स्थित एक घर अबिरल बर्षाको कारण पुर्णरुपमा भत्किदा **८० हजार रुपैंया** बराबरको क्षति । खडक नगरपालिका वडा नं १ स्थित अर्को एक घर अविरल वर्षाको कारण भत्किदा **५० हजार रुपैंया बराबरको** क्षति । बिष्णु गाउँपालिका वडा नं ८ बस्ने स्थति एक गोठघर अबिरल बर्षाको कारण पुर्णरुपमा भत्किदा **४० हजार** रुपैंया बरावरको क्षति ।
- **सप्तरीको** डाक्नेश्वरी नगरपालिका वडा नं ३ स्थित एक घर अबिरल बर्षाको कारण भत्किदा **५३ हजार** रुपैंया बराबरको क्षति । तिलाठी कोईलाडी गाउँपालिका वडा नं १ बेल्हीस्थित खाडो खोलाको पानी एउटा पोखरीमा पस्दा अन्दाजी १००००० ओटा माछा भागेको र अर्को एक ग्यारेजमा पानी पसी मेशनरी सामान, मोटरपार्ट गरी **५० हजार** रुपैंया बराबरको क्षति ।
- **रौतहटको** गढिमाई नगरपालिका वडा नं ९ मलाहिटोलमा अबिरल बर्षाको कारण एउटा घर पुर्णरुपमा भत्किई **१७ लाख रुपैंया** बरावरको क्षति । परोहा नगरपालिका वडा नं ९ रामपुरखांप स्थित ७ वटा घरगोठ आंशिक रुपमा क्षति हुँदा **४ लाख** रुपैंया बराबरको क्षति ।
- **रुकुम पूर्वको** सिस्ने गाउँपालिका वडा नं १ रतुवामारेमा माथिवाट पहिरो आई एक घर भत्किएको ।
- **नवलपरासी पश्चिमको** सुस्ता गाउँपालिका वडा नं ३ मा अबिरल वर्षाका कारण एक घर पूर्ण रुपमा भत्किदा **६० हजार** रुपैंया बराबरको क्षति ।
- **रुकुम पश्चिमको** बाफिकोट गाउँपालिका वडा नं १ पालाकोटस्थित **वडा स्वास्थ्य कार्यालय भवनमा** बिद्युतको तार सर्ट भई **आगलागी** हुँदा औषधी तथा जिन्सि सामानहरु जलि **२ लाख रुपैंया** बराबरको क्षति ।
- **कैलाली**को घोडाघोडी नगरपालिका वडा नं ११ भलुवामा भे १ ज ९२४ नं को जीप पार्किङ्ग गरिराखेको अवस्थामा अचानक आगलागी हुँदा जीपको अगाडीको भागमा क्षति ।

## घट्ना सारांश...

- **रौतहट**को गौर नगरपालिका वडा नं २ मुसहर टोलमा अबिरल बर्षाको कारण ४ वटा कच्चि घर **भत्कदा ८८ हजार** रुपैंया बराबरको क्षति ।
- **पर्वत**को जलजला गाउँपालिका वडा नं ३ को सिमानामा पर्ने **बेनी पोखरा सडक खण्डको** आँ खोलामा बेनीबाट पोखरा तर्फ जादै गरेको **बलेरो जीप** हीलो माटोमा फस्न गएकोमा माथिबाट ढुङ्गा माटो सहितको लेदो आई उक्त जिपको आधा भाग पुरिन गई **बाटो पुर्ण रुपमा** अबरोध भएको ।
- **नवलपरासी पूर्व**को त्रिबेणी गाउँपालिका वडा नं २ घिउखोलास्थित **पुर्व पश्चिम लोकमार्गमा** अबिरल बर्षाको कारण **पहिरो** आई उक्त **लोकमार्ग पुर्णरुपमा बन्द** भएको । उक्त पहिरोमा परी १ वटा ट्रक र १ वटा कार सामान्य क्षति ।
- **नवलपरासी पश्चिम**को सरावल गाउँपालिका वडा नं ६ स्थित **झरही खोला र धनेवा खोलामा अबिरल बर्षाको कारण** पानीको बहाव बढ्न गई रामपुर खडौना, मधवलिया र नौडिहवा गाँउमा पानी पस्न गई **४२ घर डुबानमा** परेको । जस मध्ये १० घर परिवार आफन्तको घरमा गई बसेको ।

## सडक अवरोध

- **भोजपुर**को टयामकेमैयुम गाउँपालिका वडा नं २ श्रीदलेस्थित **मध्य पहाडी लोकमार्गमा** बिगत केहि दिनदेखि परेको अविरल वर्षाको कारण सडक देखि माथिवाट **पहिरो** झरि **वाटो पुर्णरुपमा अवरोध** भएको ।
- **तनहुँ**को ब्यास नगरपालिका वडा नं ३ मादी पुल नजिकै **पृथ्वी राजमार्गमा** माथिबाट **पहिरो** आई **बाटो अवरोध** भएको ।
- **स्याङ्जाको** पुतली बजार नगरपालिका वडा नं १ सिराफस्थित **सिद्धार्थ राजमार्गमा पहिरो** जाँदा **बाटो पुर्णरुपमा अवरुद्ध** ।
- कुश्मा नगरपालिका वडा नं ८ चुवास्थित **पोखरा-बागलुङ्ग सडक खण्ड**मा माथिबाट पहिरो आई **बाटो पुर्ण रुपमा अबरुद्ध** भएको ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट पहिरोमा पुरिएर वेपत्ता भएका व्यक्तिहरुको स्थानीयको सहयोगमा खोजी कार्य भइरहेको, घाईतेलाई स्थानीय स्वास्थ्य उपचार केन्द्रहरुमा पुर्याइएको । साथै पहिरोका कारण अबरुद्ध बनेको बाटो खोल्ने प्रयास भइरहेको ।

## वर्षाको सारांश

असार २९ गते बिहान ०८:४५ बजे देखि असार ३० गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०३/३० गते बिहान ०८:४५ बजे २१९ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालित: ५० र स्वचालित: १६९) मा मापन गरिएको वर्षाको विवरण अनुसार १३१ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (१२१.६ मि. मी.) स्याङ्जा जिल्लाको चापकोट केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये २ वटा केन्द्रमा १०० मि. मी. भन्दा बढि, १२ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, २७ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र ५८ वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/ मा हेर्नुहोस।**

## बाढी पूर्वानुमान

असार ३० (मंगलबार) ( विहान ७ बजे  देखि २४ घण्टा)

- आज  कोशी र नारायणीमा बहाव बहाव केहि घट्ने भएतापनि नदीमा बहाव  सतर्कता तह भन्दा केहि मात्र तल हुने । कर्णालीमा बहाव सामान्य बढ्ने, महाकालीमा सामान्य घट्ने तथा  सबैमा बहाव सतर्कता भन्दा तलै हुने।
- आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, तिनाउ, बबई लगायतमा बहाव बढ्दो हुने तर सतर्कता तलै हुने । आज कन्काई ,बागमती, तिनाउ, पश्चिम राप्ती र बबईका  केहि  स-साना सहायक नदीमा आकस्मिक बहाव (Flash Flood) हुन सक्ने ।
- आज प्रदेश १, २,  बागमती प्रदेश भई बहने स-साना नदीमा बहाव सामान्य बढ्ने, गण्डकी, प्रदेश ५, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश भई बहने स-साना नदीमा बहाव उल्लेख्य बढ्ने र सतर्कता आसपास पुग्न सक्ने पुर्वानुमान छ ।
- आज ईलाम, झापा, मोरङ, उदयपुर, सिन्धुली, मकवानपुर, बारा, पर्सा,  काभ्रेपलाञ्चोक, का.उपत्यका, गोरखा, लमजुङ, तनहुँ, स्याङ्जा, कास्की, बागलुङ, पर्वत, नवलपरासी, गुल्मी, पाल्पा, अर्घाखाँची रूपन्देही, कपिलबस्तु,दाङ, रोल्पा, रूकुम, प्युठान, सल्ल्यान, बर्दिया, कैलाली, सुर्खेत, दैलेख, जाजरकोट, अछाम, बाजुरा, बझाङ, डडलेधुरा, बैतडी दार्चुला भई बहने स-साना नदी जलाधारमा क्षणिक मध्यम बर्षा भई आकस्मिक बहाव हुन सक्ने संभावना रहेको छ ।

थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः http://hydrology.gov.np/